नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

## राष्ट्रिय बाघ सर्वेक्षण, २०२१–०२२ सम्बन्धमा जारी गरिएको प्रेश विज्ञप्ति

बाघ पारिस्थिकीय प्रणालीको उच्चतम स्थानमा रहेको वन्यजन्तु हो । बाघको संरक्षण गर्दा समग्र प्राकृतिक प्रणालीको संरक्षण हुने भएको हुँदा बाघको संख्यालाई पारिस्थिकीय प्राणालीको स्वच्छता र संरक्षणको प्रभावकारीता मापनको सूचकको रुपमा लिने गरिन्छ । बाघ सर्वेक्षण कार्यक्रमको नतिजाबाट दुर्लभ तथा लोपोन्मुख प्रजातिको बाघ संरक्षणको अवस्था थाहापाई संरक्षण र व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन नेपालमा सन् १९९० को दशकदेखि बाघको सर्वेक्षण हुँदै आएको छ । सन् २००९ देखि राष्ट्रिय रुपमानै बाघको सर्वेक्षण सुरुवात गरिएको थियो । हालसम्मको नतिजालाई हेर्दा नेपालमा सन् १९९५/९६ मा ९३-९७ वटा वयस्क बाघ रहेको, सन् २००९ मा १२१ रहेको, सन् २०१३ मा १९८ रहेको र सन् २०१८ को सर्वेक्षण अनुसार २३५ वटा वयस्क बाघ रहेको अनुमान गरिएको थियो । नेपालले अन्तराष्ट्रिय समुदाय समक्ष सन् २०१० मा रसियाको सेन्टपिटर्सवर्गमा भएको बाघ सम्बन्धी अन्तराष्ट्रिय सम्मेलनमा प्रतिवद्धता गरे वमोजिम सन् २०२२ सम्म बाघको संख्या दोव्वर (२५० वट) पुऱ्याउने लक्ष्य अनुरुप सन् २०२२ मा अनुमान गर्न आवश्यक भएको र राष्ट्रिय बाघ सर्वेक्षण, २०२१–०२२ उक्त उद्देश्य प्राप्त गर्न सहयोग पुग्नेछ ।

नेपाल सरकार (सचिवस्तर) को मिति २०७८/०६/१७ गतेको निर्णयानुसार राष्ट्रिय बाघ सर्वेक्षण २०२१–०२२ संचालन गर्न केन्द्रीय स्तरमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशकको संयोजकत्वमा वन तथा वातावरण मन्त्रालयका, जैविक विविधता तथा वातावरण महाशाखा प्रमुख (सहसचिव प्रा.), वन तथा भू-संरक्षण विभागका महानिर्देशक, राष्ट्रिय निकुञ्ज तथा आरक्ष निर्देशनालय, नेपाली सेनाका प्रमुख, राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य सचिव, WWF Nepal का राष्ट्रिय प्रतिनिधि र ZSL Nepal का राष्ट्रिय प्रतिनिधि सदस्य रहेको सल्लाकार समिति र उल्लेखित निकायहरुको प्रतिनिधि रहने गरी राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका ईकोलोजिष्टको संयोजकत्वमा केन्द्रीयस्तरमा प्राविधिक समिति गठन भएको छ । त्यसैगरी स्थानीय स्तरमा प्रमुख संरक्षण अधिकृतको संयोजकत्वमा सम्वन्धित डिभिजन वन कार्यालय, नेपाली सेना, साझेदार सहयोगी संस्थाका प्रतिनिधिहरु, मध्यवर्ती क्षेत्रका प्रतिनिधि समेतको सहभागी हुने गरी कार्यान्वयन कार्यदल गठन गरिएको छ ।

बाघ सर्वेक्षणमा क्यामेरा ट्रयाप, सन्टो कम्पास, रेञ्ज फाईन्डर, जि.पि.एस., रेकर्ड फर्म लगायतका सामग्रीको प्रयोग गरी Tiger and Prey Base Monitoring Protocol ले निर्दिष्ट गरे अनुरुप Camera trapping र Occupancy Survey विधि अपनाई बाघ सर्वेक्षण गरिनेछ । नेपालमा बाघको बीचरण रहेका राष्ट्रिय वन क्षेत्र, जैविक मार्ग तथा वरपरको वन क्षेत्रलाई चितवन-पर्सा कम्प्लेक्स, बाँके वर्दिया कम्प्लेक्स र शुक्लाफाँटा–लालझाडी क्षेत्र गरी तीनवटा कम्प्लेक्सहरुमा विभाजन गरिएको छ । बाघ सर्वेक्षण गर्दा चितवन–पर्सा कम्प्लेक्सलाई तीनवटा ब्लकमा, बाँके वर्दिया कम्प्लेक्सलाई चारवटा ब्लकमा र शुक्लाफाँटा–लालाझाडी कम्प्लेक्सलाई एकवटा ब्लकमा विभाजन गरिएको छ । ब्लकहरुलाई २ कि.मि. लम्बाई तथा २ कि.मि. चौडाई भएका ग्रीडहरुमा विभाजन गरिएको छ । चितवन–पर्सा, बाँके वर्दिया र शुक्लाफाँटा–लालझाडी कम्प्लेक्समा क्रमशः ८९५, ८१४ र २६० वटा ग्रिडहरु रहेका छन् । चितवन–पर्सा कम्प्लेक्सको पहिलो दोस्रो तथा तेस्रो ब्लकमा क्रमश २८७, ३१० र २९८ वटा ग्रीडहरु रहेका छन् । प्रत्येक ग्रिडभित्रमा बाघले प्रयोग गर्ने क्षेत्रहरु हेरी एक जोडी स्वचालित क्यामेराहरु जडान गरिने छ

Scanned with CamScanner

बाघ सर्वेक्षण कार्यमा चितवन तथा पर्सा राष्ट्रिय निकुञ्जका प्राविधिक कर्मचारी, डिभिजन वन कार्यालयका कर्मचारीहरु, राष्ट्रिय प्रकृति संरक्षण कोषका वन्यजन्तु प्राविधिक, वन्यजन्तु विज्ञ, नेपाली सेना, मध्यवर्ती क्षेत्र तथा स्थानीय समुदाय, संरक्षण सहयोगी संस्थाका कर्मचारी एवं स्वयंसेवकहरु समेतको सहभागीता रहेको छ । यस सर्वेक्षणको क्रममा चितवन पर्सा कम्प्लेक्समा ७ बाँकि-बर्दिया कम्प्लेक्स र शुक्लाफाँटा क्षेत्रमा ३ वटाका दरले हात्तीहरु प्रयोग हुनेछन् । चितवन पर्सा कम्प्लेक्समा परिचालित हुने १०६ जना प्राविधिकहरुलाई यही मङ्सीर १७ र १८ गते चितवन राष्ट्रिय निकुञ्जको सौराहामा प्रयोगात्मक अभ्यास सहितको तालिम दिईएको छ । बाँके बर्दिया कम्प्लेक्समा छुट्टै तालिमको आयोजना हुनेछ ।तालिमप्राप्त प्राविधिकहरु फिल्डमा परिचालित भईसकेका छन् ।

राष्ट्रिय बाघ सर्वेक्षणको लागि नेपाल सरकारवाट समेत बजेट विनियोजन भएको छ । यसका अतिरिक्त WWF Nepal र ZSL Nepal तथा राष्ट्रिय प्रकृति संरक्षण कोषबाट आर्थिक र प्राविधिक सहयोग प्राप्त भएको छ । चितवन पर्सा कम्प्लेक्सको गणना कार्यमा स्थानीय कार्यदल, चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, पर्सा राष्ट्रिय निकुञ्ज कार्यालयले व्यवस्थापकीय कार्यहरु भएको छ । बाघ सर्वेक्षण,२०२२ को सम्पूर्ण कार्य सम्पन्न गर्न करिब ३ करोड ७० लाख खर्च लाग्ने अनुमान गरिएको छ ।

..........................

वेद कुमार ढकाल

सुचना अधिकारी

ईकोलोजिष्ट

मितिः २०७८/८/१९

सौराहा, चितवन

Scanned with CamScanner